# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, पुस १३ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(छ)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७

सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६ को दफा ७ मा संशोधनः सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ७ को उपदफा (६) मा रहेको "बढीमा एक वर्ष" भन्ने शब्दहरु झिकिएका छन् ।

३. मूल आदेशको दफा ८ मा संशोधन : मूल आदेशको दफा ८ को उपदफा (१) को खण्ड (क) मा रहेको "प्रमुख सचिव" भन्ने शब्दहरुको सट्टा "प्रदेश सचिव (प्रशासन तथा बैठक महाशाखा)" भन्ने शब्दहरु कायम गरिएका छन् । खण्ड (घ) मा रहेको "सदस्य सचिव" भन्ने शब्दहरुको सट्टा "सदस्य" भन्ने शब्द कायम गरी देहायको खण्ड (ङ) थप गरिएको छ :-

"(ङ) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव"

४. मूल आदेशको दफा ८ मा संशोधन : मूल आदेशको दफा ८ को उपदफा (२) र (३) मा रहेको "समिति" भन्ने शब्दको सट्टा "कार्यदल" भन्ने शब्द कायम गरिएको छ । साथै उपदफा (२) मा रहेको "पूर्णविराम (।)" पछि

"उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्य सचिव अनुपस्थित रहेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा बैठक शाखा हेर्ने शाखा अधिकृत (अधिकृतस्तर सातौं) ले सदस्य सचिवको रुपमा कार्य गर्न सक्नेछ" भन्ने शब्दहरु थप गरिएको छ ।

मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०७७।९।१३

आज्ञाले,
किशोर कुमार चौधरी
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली ।मुल्यः रु. ५।-